# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्रसख्या:-०८१/०८२

चलानी नं:- १६६६

---

## गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन सम्बन्धमा !!!

दोस्रो पटक प्रकाशित मिति: २०८१/११/०२

ने.सं. ११४५ सिल्लागा २, शुक्रबार

प्रस्तुत विषयमा बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनको लागि **"गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८०"** बमोजिम यस उमाकुण्ड गाउँपालिका छनोट भै उमाकुण्ड गाउँपालिकाको ४ र ७ नं. वडामा कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको तर प्रथम पटकको सूचना प्रकाशन गर्दा ७ नं. वडाबाट कुनै पनि आवेदन प्राप्त नभएको हुदाँ पुःन ईच्छुक गृहिणी महिलाहरुले कार्यविधिको दफा ४ तथा मन्त्रालयको मिति २०८१/०९/२६ को पत्रबमोजिम तपशिलमा उल्लेखित योग्यता आधार भएका गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुन इच्छुक उमाकुण्ड गाउँपालिका **वडा नं. ७ मा बसोबास गर्ने गृहिणी महिलाहरुले** कार्यविधिको दफा ५ बमोजिमका तालिम तथा व्यवसायका विषय क्षेत्र बमोजिम तालिममा सहभागीताका निम्नानुसार कागजात सहितको निवेदन यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र सम्वन्धित वडा कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तालिम तथा व्यवसायको विषय क्षेत्र :-**

| क्र.स. | कार्यक्रमको विवरण | तालिम अवधि | तालिमको लागि आवश्यक संख्या | विउपूँजी/प्राविधिक सहयोग |
|---|---|---|---|---|
| १ | व्यूटिसियन तालिम | न्यूनतम ३ महिना | २० देखि ३० जना | समूहलाई गाउँपालिकाम दर्ता गरी व्यवसायक प्रकृति हेरी रु १ लाख सम्म विउँपूजी वा प्रविधि सहयोग गर्न सकिने तर समूहक प्रत्येक सदस्यले तालिम पश्चात प्रति महिना रु १००/- आफ्नो समूहक कोषमा जम्मा गर्नुपर्नेछ। |
| २ | सिलाई बुनाई कटाई तालिम | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ३ | अचार र गुन्द्रुक बनाउने | न्यनतम ३ महिना | २० देखि ३० जना | |
| ४ | मैन बत्ती बनाउने | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ५ | पराल एवम् बेतबासँजन्य सामाग्री निर्माण | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ६ | मौरी पालन | न्यनतम ३ महिना | २० देखि ३० जना | |
| ७ | निर्माण कृषि,सेवा,विद्युतीय वायरीङ,हस्तकला तथा तयारी पोशाक,खाद्य सामाग्री प्रशोधन र सूचना तथा प्रविधिका क्षेत्रसँग सम्बन्धित | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ८ | लघु उद्यय तथा घरेलु उद्योगसँग सम्बन्धित पेसा व्यवसाय | न्यूनतम ३ महिना | २० देखि ३० जना | |

**संलग्न गर्नुपर्ने कागजातहरु :-**

१.सम्वन्धित गृहिणी महिलाको निवेदन

२ नागरिकताको प्रतिलिपी

३ पासपोर्ट साइजको फोटो २ प्रति

४ विवाहित महिलाको हकमा विवाह दर्ताको प्रतिलिपी

**सहभागी छनोटका आधारहरु :-**

१.उमाकुण्ड गाउँपालिकाभित्र बसोबास गर्ने

२.गृहिणी महिला वा गृहणी महिला समुह (समुह भएमा यस वडा कार्यालयमा दर्ता भएको हुनुपर्ने)

३.कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको

५. २० वर्ष पुरा भइ ५५ वर्ष ननाघेको

४. विपन्न,दलित,सीमान्तकृत,लोपन्मुख, सहिद परिवार,एकल महिला,अपाङ्गता भएको महिला,वेरोजगार र आर्थिक रुपले विपन्न महिलालाई प्रथामिकताको आधारमा सहभागी गराइने छ।

**बोधार्थ:**

श्री वडा कार्यालय ७ कार्यविधि अनुसार निवेदन संकलन एवम् छनौट गरि पेश गर्नुहुन।

२०८१/११/०२